महालेखा परीक्षकको कार्यालय
Office of the Auditor General
डोरमुकाम, दोलखा
अछ्वावे

Phone: 4258174
4266034
4255707
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu
NEPAL

पत्र संख्या: २०७४।७५
च.नं.: ५२

मिति: २०७४।०८।०६

विषय: लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री कार्यालय प्रमुख ज्यू,
वैतेश्वर गाउँपालिका,दोलखा ।

लेखापरीक्षण ऐन, २०४८ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७३।७४ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित पेस भएसम्मको लेखा र लेखासँग सम्बन्धित कागजपत्र परीक्षण गरी मिति २०७४।०८।०६ मा छलफल पश्चात् तयार गरिएको पाना बाह्र (१२) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९(१) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा ऐनको दफा १९(३) बमोजिम कारबाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

(दिनेश मिश्र)
निर्देशक

बोधार्थ तथा कार्यार्थ:
श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
सिंहदरवार, काठमाडौं:- प्रतिवेदन संलग्न छ ।

श्री जिल्ला समन्वय समितिको कार्यालय,
दोलखा:- प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
दोलखा:- प्रतिवेदन संलग्न छ ।

बैतेश्वर गाउँपालिका

आर्थिक कारोबारको स्थिति

कार्यालय र स्थान:		नाम	कार्यरत अवधि		बेरुजू रकम
			देखि	सम्म	
बैतेश्वर गाउंपालिका	कार्यालय प्रमुख:	श्री हरि प्रसाद उपाध्याय	२०७३।१२।२४	२०७४।३।३१	५४,८०५।००
	लेखा प्रमुख	श्री नरहरि घिमिरे	२०७३।११।२८	२०७४।३।३१	

बैतेश्वर गाउँपालिका
एकीकृत आय-व्ययको विवरण
गाउँ विकास समिति खर्च (फिर्ता समेत) २०७३।४।१ देखि २०७४ आषाढ मसान्तसम्म

क्र. सं.	आय					व्यय		
	विवरण	साविक जिम्मेवारी	यस वर्षको आम्दानी	भुक्तानी दिनुपर्ने	जम्मा	खर्च	मौज्दात/जि.वि.स. फिर्ता	जम्मा
(क)	साविक गाउँ विकास समितितर्फ (२०७३।४।१-११।२७)							
१	नाम्दु गाउँ विकास समिति	१२९,०२६।९८	१२,६७१,६१७।००	२१,३९६।००	१२,८२२,०३९।९८	९,४३९,५०६।००	३,३८२,५३३।९८	१२,८२२,०३९।९८
२	मिर्गे गाउँ विकास समिति	११५,५७९।९९	७,५१०,६९३।००	५३,३२२।००	७,६७९,५९४।९९	५,७९५,०७५।००	१,८८४,५१९।९९	७,६७९,५९४।९९
३	काब्रे गाउँ विकास समिति	३१५,७९०।००	१०,२०२,६८०।५२	२०,०४७।००	१०,५३८,५१७।५२	८,५२२,५४५।५२	२,०१५,९७२।००	१०,५३८,५१७।५२
४	क्षेत्रपा गाउँ विकास समिति	८२९,६५७।१७	५,९९०,९१७।००	१२,११२।००	६,८३२,६८६।१७	४,७३४,४४९।००	२,०९८,२३७।१७	६,८३२,६८६।१७
५	गैरीमुदी गाउँ विकास समिति	२९,८७१।००	११,८२१,०३३।००	२१,३९६।००	११,८७२,३००।००	१०,९१०,३०८।००	९६१,९९२।००	११,८७२,३००।००
	जम्मा:	१,४१९,९२५।१४	४८,१९६,९४०।५२	१२८,२७३।००	४९,७४५,१३८।६६	३९,४०१,८८३।५२	१०,३४३,२५५।१४	४९,७४५,१३८।६६
(ख)	बैतेश्वर गाउँपालिका (२०७३।११।२८-०७४।३।३० सम्म)	८,४१०,८५२।६७	३४,१७८,४५८।००		४२,५८९,३१०।६७	३५,३९३,०१६।०५	७,१९६,२९४।६२	४२,५८९,३१०।६७
	कूल जम्मा:	९,८३०,७७७।८१	८२,३७५,३९८।५२	१२८,२७३।००	९२,३३४,४४९।३३	७४,७९४,८९९।५७	१७,५३९,५४९।७६	९२,३३४,४४९।३३

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा गा.वि.स को लेखा नगद कारोवारमा आधारित हुने व्यवस्था गरेको छ। तर पुर्नसंरचना हुने कममा गा.वि.स हरुको खाता रोकिएको हूनाले केही खर्चहरु भुक्तानी दिनुपर्ने देखिएकोले आर्थिक कारोवारको लेखा प्रोद्भावी (एक्युल) आधारमा जस्तो देखिन गएको छ।

बैतेश्वर गाउँपालिकातर्फ (हाल कायम भएको) :
०७३।११।२८ देखि २०७४ आषाढ मसान्त सम्म

दफा नं.	भौ.नं., मिति र व्यहोरा

१. **लेखापरीक्षणको आधार :-** नेपालको संविधान २०७२, आयकर ऐन २०५८, मूल्य अभिवृद्धि कर ऐन २०५२, लेखापरीक्षण ऐन,स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३२ (१), स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५८, स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को बुँदा नं. ६१ र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको च. नं. ५४ मिति २०७४/०४/३२ को पत्र तथा अन्य प्रचलित कानुन अनुसार लेखापरीक्षणको समयमा वित्तीय विवरणसाथ पेश गरेका प्रमाणहरु र गत बर्षको प्रतिबेदन समेतको आधारमा आर्थिक बर्ष २०७३।७४ को लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन तयार गरीएको छ ।

स्थानिय निकाय आर्थिक प्रशासन सम्वन्धि नियामावली २०६४ अनुसार स्थानिय निकायले आन्तरिक लेखापरिक्षण गराई अन्तिम लेखापरिक्षण गराउने र सोको प्रतिवेदन उपर कार्वाहि समेत गर्नुपर्ने व्यवस्था छ । प्रस्तुत आर्थिक बिवरणबाट केन्द्रिय अनुदान र आन्तरिक स्रोतबाटसमेत गरी जम्मा रु.८,२३,७५,३९८।५२ आम्दानी भएको देखिन्छ। साविकका गा.वि.स.हरुले आ.व. २०७३/७४ को आन्तरिक लेखापरिक्षण गराएको पाइयो । गाँउ विकास समितिहरुको लेखापालन तथा जिन्सीको अभिलेख दुरुस्त नराखिएको र सार्वजानिक निर्माणको अभिलेखहरु पनि व्यवस्थित नदेखिएको कारण गाँउपालिकाको लेखापालन, सम्पत्ति तथा दायित्व सम्वन्धमा एकिन गर्न नसकिएको अवस्था छ । बित्तिय बिवरणको शुद्धता वा विश्वसनियता न्यून रहेको देखिन्छ । विकट भौगोलिक दुरता र सीमित समयको कारण लेखापरिक्षण समूहले गाँउपालिका र त्यसका वडाहरुको पर्याप्त स्थलगत निरिक्षण गर्न सकेका छैन् ।

वित्तीय विवरणको लेखापरीक्षण

२. **बैंक मौज्दातको जिम्वेवारी सरी आएको:** निम्नानुसार साविक गाविसहरुबाट फागुन २७ गतेको बैंक मौज्दात गाउपालिकामा जिम्मेवारी निम्नानुसार आउनुपर्ने देखिन्छ ।

गाविस	नगद मौज्दात
नाम्दु	३३८२५३३।९८
मृगे	१८८४५१९।९९
काव्रे	२०१५९७०।
क्षेत्रपा	२०९८२३७।
गैरीमुदी	९६१९९२।
जम्मा	१,०३,४३,२५५।१४

सम्वन्धीत गा.वि.स.हरुमा रु १,०३,४३,२५५।१४ बैंक मौज्दात देखिएतापनि गाउंपालिकाले रु.१९,३२,४०२।३१ को खर्चको विवरण नखुलाएको हुनाले जम्मा रु. १९,३२,४०२।३१ साविक गा.वि.स.कै खातामा रहेकाले उक्त रकम राजश्व दाखिला हुनुपर्दछ ।

३. **पेश्की तथा बेरुजू अभिलेख कायम सम्बन्धमा :**
स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ को बुँदा नं. ६३ मा "गाउँपालिका नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेका पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकमा कायम गरी प्रचलित कानून अनुसार पेश्की पछ्यौंट तथा बेरुजु सम्परीक्षण गर्नु पर्नेछ भनी उल्लेख भएको छ । यस व्यवस्था अनुसार वैतेश्वर गाउँ कार्यपालिकको कार्यालयले समाहित भएका साविक गैरीमुदी, क्षेत्रपा , काव्रे, मृर्गे ,नाम्दु गाविसको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख कायम गरी प्रचलित कानून अनुसार पेश्की पछ्यौंट तथा बेरुजु सम्परीक्षण गर्नु पर्ने हुन्छ । तर गाउँ कार्यपालिकाको कार्यालयले समाहित भएका साविकका गाउँ विकास समिति नाममा रहेका पेश्की तथा बेरुजु अभिलेख कायम गरेको देखिएन । साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख कायम नगर्दा पेश्की तथा बेरुजु हराउन सक्ने भएकोले समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख यथाशिघ्र कायम गर्न र प्रचलित कानून अनुसार पेश्की पछ्यौंट पेश्की पछ्यौंट गरी सम्परीक्षण गर्नुपर्ने देखिन्छ ।

४. **सम्पत्ति हस्तान्तरण सम्बन्धमा :**
स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ को बुँदा नं. ७९ मा "गाउँपालिका वा नगरपालिका कायम हुँदा सो भित्र समाहित भएका साविकका गाउँ विकास समिति वा नगपालिका वा त्यसको कुनै वडाको चल, अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वत: हस्तान्तरण हुनेछ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार मसन्त भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ भनी उल्लेख भएको छ । यस व्यवस्था अनुसार वैतेश्वर

	गाउँ कार्यपालिकको कार्यालयले समाहित भएका साविक गैरीमुदी, क्षेत्रपा , काब्रे, मुर्गे ,नाम्दु गाविसको नाममा रहेको चल, अचल सम्पत्ति, दायित्वको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार मसन्त भित्र तयार गरी प्रतिवेदन सार्वजनिक गर्नु पर्ने हुन्छ । तर गाउँ कार्यपालिकको कार्यालयले उल्लेखित व्यवस्था अनुसार सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता तयार गरेको पइएन । सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता सम्पत्तिहरुको हिनामिना, हराउने तथा दुरुपयोग हुने सम्भावना रहन्छ । तसर्थ साविकका गाउँ विकास समिति सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता यथाशिघ्र तयार गर्न र सो को प्रतिवेदन सार्वजनिक सार्वजनिक सार्वजनिक गर्नुपर्ने देखिन्छ ।
५.	**जिन्सी व्यवस्थापन सम्बन्धमा :** कार्यालयको जिन्सी व्यवस्थापन सुधार गर्नपर्ने देखिन्छ । यसका लागि मुख्य गरेर निम्न सुझावहरु दिइएको छ । • खर्च भएर जाने जिन्सी सामग्रीहरुको खाता अद्यावधिक गर्न । • खप्ने मालसामानहरुको अभिलेख गर्दा अनिवार्य स्पेसिफिकेशनको पूर्ण विवरण उल्लेख गर्न । • खर्च भएर जाने जिन्सी सामग्रीहरुको दाखिला र निकासीको नम्बर सहितको विवरण उल्लेख गरी मौज्दात कायम गर्न । साथै कार्यालयको जिन्सी सामाग्रीको अभिलेख र व्यवस्थापन गर्दा साविक गा.वि.स.हरुको जिन्सी व्यवस्थापन प्राप्त गरी अद्यावधिक गर्न सुझाव दिईन्छ ।
६.	**भुक्तानीमा कर कट्टी सम्बन्धमा :** आयकर ऐन २०५८ को दफा ८८ बमोजिम लगानी प्रतिफल र सेवा शुल्कको भुक्तानी गर्दा तोकिएको दररेट अनुसार अनिवार्य कर कट्टी गर्नुपर्ने हुन्छ ।साथै आयकर ऐन २०५८ को दफा ९० मा कट्टा गरिएको करको विवरण र भुक्तानी सम्वन्धी व्यवस्था उल्लेख गरिएको छ । कार्यालयबाट विभिन्न व्यापारिक पार्टीहरुलाई मु.अ.कर सहितको रकम भुक्तानी गरेको पाइयो । कार्यालयले ती व्यापारिक पार्टीहरुलाई भुक्तानी गरिएको रकमको विवरण दफा ९० बमोजिम सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पठाएको पाइएन । त्यसैले व्यापारिक पार्टीहरुको नाम, ठेगाना, पान नं. सहितको भुक्तानी विवरण सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पठाउनुपर्ने देखिन्छ ।
७.	**आन्तरिक आम्दानी सम्बन्धमा:** गाउपालिका भित्रका साविकका गा.वि.स हरुले आन्तरिक आम्दानी वापत असुल गरेको पाइयो । गाउँ विकास समितिले कुनै पनि रकम प्राप्त गर्दा रकम बुझाउनेलाई स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को अनुसूची ९ मा उल्लेख भए अनुसारको आम्दानी रसिद दिनुपर्ने र गाविसलाई प्राप्त हुने आम्दानी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ नियम १८(१)(घ) ले व्यवस्था गरे अनुरुप अनुसूची १० बमोजिमको दैनिक आय शीर्षकगत कर संकलन खातामा अभिलेख गरी आम्दानी बाँध्नु पर्ने हुन्छ । तर छापेको नगदी रसिद एवं जिल्ला विकास समितिको कार्यालयबाट बुझिलिएको मालपोत रसिद जिन्सी खातामा दाखिला नगरेको र गाविसलाई प्राप्त हुने आम्दानी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ नियम १८(१)(घ) ले व्यवस्था गरेको अनुसूची १० बमोजिमको दैनिक आय शीर्षकगत कर संकलन खातामा अभिलेख नगरेको पाइएकोले आन्तरिक आम्दानी देखाइएको रकमलाइ एकिन गर्न सकिएन ।
८.	**गाउं विकास समिति अनुदान स्थानिय निकाय निशर्त पूंजीगत अनुदान** **भौ.नं.१४, मिति २०७४।३।२३** संलग्न भौचर र न्यू बि.बि.सी.फर्निचर तथा फनिसिं सेण्टर चरीकोटवाट खरीद गरिएको अफिस स्टील दराल,हाईड्रोलिक चियर,अफिस टेवल,कम्प्यूटर टेवल,चियर, स्टील चियर गरी जम्मा ६ थान को मूल्य अभिवृद्धि कर सहीत रु.५४८०५। भुक्तानी भएकोमा उक्त सामान जिन्सी दाखिला भएको नदेखिएको हुनाले उक्त भुक्तानी रकम रु.५४,८०५। लाई अनियमित देखिएको छ ।

नाम्दु गाउं विकास समिति :

कार्यालय र स्थान:		नाम	कार्यरत अवधि		बेरुजू रकम
			देखि	सम्म	
साविक नाम्दु गा.वि.स	कार्यालय प्रमुख	श्री रोशन पुन	२०७३।४।०१	२०७३।६।२०	२,३८,०१२।२५
		श्री सुनिल झा	२०७३।६।२१	२०७३ माघ	
		श्री जयराम घिमिरे	२०७३ फागुन	२०७४।३।३१	

नाम्दु गाउं विकास समिति :
आर्थिक विवरण
(२०७३ श्रावण १ गते देखी फागुन २७ सम्म)

आय			व्यय		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
१. गत वर्षको मौज्दात		१२९,०२६।९८	१. यो वर्षको खर्च		९,४३९,५०६।००
२.आन्तरिक श्रोत आम्दानी		४२३,१०५।००			
३. यो वर्षको आम्दानी		१२,२४८,५१२।००	• चालु	४८९,७८१।००	
• चालु	३६६,०००।००		• पूजिगत	१४,१२५।००	
• पूजिगत	२,९४०,९१२।००		• सामाजिक सुरक्षा	८,९१५,६००।००	
• सामाजिक सुरक्षा	८,९१५,६००।००		• अन्य	२०,०००।००	
• अन्य	२६,०००।००		२.मौज्दात वा जि.वि.स.फिर्ता		३,३८२,५३३।९८
भुक्तानी दिनुपर्ने कर		३,०६८।००			
भुक्तानी दिनु पर्ने क.सं.कोष		१८,३२८।००			
जम्मा		१२,८२२,०३९।९८	जम्मा		१२,८२२,०३९।९८

दफा नं.	भौ.नं., मिति र व्यहोरा
९.	**बेरुजु विवरण :** **१.चालु तर्फ - भौ.नं.: ६,२१** विभिन्न मितिमा तलव भुक्तानी गर्दा नियमानुसार संचयकोष रकम दाखिला गर्नुपर्नेमा रु.१८,३२८। दाखिला गरेको नदेखिएकोले उक्त रकम दाखिला गरि नियमित गर्नुपर्ने देखिन्छ । आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम साविक नाम्दु गा.वि.स.ले विभिन्न मितिमा गरेको भुक्तानीमा सामाजिक सुरक्षा कर रु.३,०६८। कट्टा गरेतापनि उक्त रकम सम्वन्धीत राजश्व खातामा दाखिला नगरेकोले उक्त अनियमित रकम रु.३,०६८। राजश्व खातामा दाखिला गरि नियमित गर्न सम्वन्धीत व्यक्ति जिम्वेवार हुनु पर्ने देखिन्छ ।
१०.	**२. आन्तरिक तर्फ** स्थानीय स्वायत शासन ऐन, २०५५ को दफा ५५ (ख) बमोजिम गाउँ विकास समितिले असुल गरेको मालपोत वा भूमिकरको २५ प्रतिशत रकम जिल्ला विकास समितिको कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यस आर्थिक वर्ष २०७३/७४ मा यस गाविसले असुल गरेको मालपोत वा भूमिकर रु. ८८,४६५/०० को २५ प्रतिशतले हुने रकम रु. २२,११६/२५ जिल्ला विकास समितिको कार्यालय, दोलखामा दाखिला गरेको नदेखिएकोले यस आर्थिक वर्ष २०७३/७४ मा यस गाविसले असुल गरेको मालपोत वा भूमिकर रु. ८८,४६५/०० को २५ प्रतिशतले हुने रकम रु. २२,११६/२५ राजश्व दाखिला गर्नुपर्दछ ।
११.	**पेश्कीको विवरण :** स्थानीय निकाय -आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी, कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फछ्यौट गर्नु पर्ने व्यवस्था छ । समयमा पेश्की फछ्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई असूलउपर गर्ने व्यवस्था छ । गा.बि.स.को अभिलेख अनुसार बिगत बर्षदेखि ७ जनासंग रु.१९४,५००।- पेश्की फछ्र्यौट हुन बाँकी देखिएको छ । उक्त पेश्की हालसम्म फछ्र्यौट भएको नदेखिएकोले नियमानुसार कारवाही गरी फछ्र्यौट गर्नुपर्दछ ।

क्र.स.	पेश्की लिने संस्था वा व्यक्ति	पेश्की लिएको आ. व./ भौ.नं.–मिति	अफछ्र्यौट पेश्की रु.
१.	कृष्ण सुवेदी	नखुलेको	१०,०००।००
२..	लाल बहादुर तमाङ	नखुलेको	२५,०००।००
३.	विर्षबहादुर ठकुरी	नखुलेको	१२,५००।००
४.	विष्णु बहादुर बुढाथोकी	नखुलेको	१०,०००।००
५.	रामानाथ तमाङ	नखुलेको	७,०००।००
६.	अष्टकुमार तमाङ	नखुलेको	८०,०००।००
७	गरीवी निवारणको लागि सामाजिक परिचालन केन्द्र	९७–२०७०।३।२३	५०,०००।००
	जम्मा		१,९४,५००।००

दफा नं.	भौ.नं., मिति र व्यहोरा
१२.	**सम्परीक्षण तर्फ :** गाविसको वेरुजू लगत स्थानीय निकाय अर्थिक प्रशासन नियमावली, २०६४ को अनुसूची ७५ को ढाँचामा राखेको नपाइएकोले निरीक्षण गर्न सकिएन । गाविसको कार्यालयलाई बेरुजूको लगत उक्त अनुसूचीको ढाँचामा यथाशिघ्र अभिलेखीकरण गनुर्पदछ ।
१३.	**जिन्सी सामान विवरण :** स्थानीय अर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१४(१) अनुसार स्थानीय निकायले यस नियमावली बमोजिम लगत खडा गरी राखेको जिन्सी माल सामान के कस्तो अवस्थामा छ, त्यसको अधिकार प्राप्त अधिकारीले एक वर्षमा कम्तिमा एक पटक स्वयम वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य छुट्टै कर्मचारी वा प्राविधिकद्धारा निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा सामनको अवस्थाको जानकारी लिई सोको काम कारवाहीको टुंगो लगाउनु पर्नेमा सो गरेको छैन । गा.बि.स.ले जिन्सकिो अभिलेखसम्म राखेको छ ।

मिर्गे गाउं विकास समिति

कार्यालय र स्थान:		नाम	कार्यरत अवधि		बेरुजू रकम
			देखि	सम्म	
साविक मिर्गे गा.वि.स	कार्यालय प्रमुख	श्री महेश गुरुङ्ग	२०७३।४।०१	२०७३।६।२०	१,६८,३२२।००
		श्री जयराम घिमिरे	२०७३।६।२१	२०७३।११।२७	

मिर्गे गाउं विकास समिति :
आर्थिक विवरण
(२०७३ श्रावण १ गते देखी फागुन २७ सम्म)

आय			व्यय		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
१. गत वर्षको मौज्दात		११५,५७९।९९	१. यो वर्षको खर्च		५,७९५,०७५।००
२.आन्तरिक श्रोत आम्दानी		३६२,४२३।००			
३. यो वर्षको आम्दानी		७,१४८,२७०।००	• चालु	६२१,०७९।००	
• चालु	३६६,०००।००		• पूजिगत	७८७,५९६।००	
• पूजिगत	२,३६४,८७०।००		• सामाजिक सुरक्षा	४,३६६,४००।००	
• सामाजिक सुरक्षा	४,३६६,४००।००		• अन्य	२०,०००।००	
• अन्य	५१,०००।००		२.मौज्दात वा जि.वि.स.फिर्ता		१,८८४,५१९।९९
४.भुक्तानी दिनुपर्ने कर		१,५१८।००			
५.भुक्तानी दिनुपर्ने सामाजिक सुरक्षा		२४,०००।००			
६.भुक्तानी दिनुपर्ने विमा		३,६००।००			
७.भुक्तानी दिनुपर्ने कर्मचारी संचयकोष		२४,२०४।००			
जम्मा		७,६७९,५९४।९९	जम्मा		७,६७९,५९४।९९

दफा नं.	भौ.नं., मिति र व्यहोरा
१४.	**बेरुजु विवरण :** **१.चालु तर्फ : भौ.नं.२५,३०** साविका मिर्गे गा.वि.स.ले विभिन्न मितिमा भुक्तानी गरेको तलवमा सामाजिक सुरक्षा कर १,५१८। , विमा रु.३६,००। र कर्मचारी संचय कोष रु.२४,२०४ गरी जम्मा २९३२२। कट्टा गरेतापनि सम्वन्धीत खातामा जम्मा गरेको नदेखिएकोले उक्त अनियमित रकम रु.२९,३२२। राजश्व खातामा दाखिला गनुपर्दछ । गरि नियमित गर्न सम्वन्धीत व्यक्ति जिम्वेवार हुनु पर्ने देखिन्छ । साथै गा.वि.स.मा प्राप्त सामाजिक सुरक्षा मध्ये रु.२४,०००। वितरण पनि नभएको र जि.वि.स.मा फिर्ता पनि नभएकोले उक्त रकम राजश्व दाखिला गर्नुपर्दछ ।
१५.	**पूंजीगत तर्फ :** **भौचर नं.९, मिति २०७३।१०।२४** प्रहरी चौकी गौरी मुदी ,पुतलीकाठलाई फर्निचर खरिद वापत रु.४०,०००। पेश्की दिएकोमा र सो फर्निचर खरिद गरी पे.फ.गर्दा भ्याट विल जम्मा रु.२८,९४९।९७ को मात्र भएको हुनाले विल भरपाई भन्दा वढीको पे.फ.गरी रु.११०५०।५३ को खर्च लेखेको पाईयो र उक्त सामान सम्वन्धीत प्रहरी कार्यालयको जिन्सी खातामा दाखिला गरेको प्रमाण नभेटिएकोले उक्त रकम रु.४०,०००। प्रमाण पेश हुनुपर्ने अन्यथा अशूल उपर गनुपर्ने देखिन्छ ।
१६.	**पेश्कीको विवरण :** स्थानीय निकाय -आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी, कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट गर्नु पर्ने व्यवस्था छ । समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई असूलउपर गर्ने व्यवस्था छ । गा.बि.स.को अभिलेख अनुसार बिगत बर्षदेखि २ जनासंग रु.७५,०००। पेश्की फछ्र्यौट हुन बाँकी देखिएको छ । उक्त पेश्की हालसम्म फछ्र्यौट भएको नदेखिएकोले नियमानुसार कारवाही गरी फछ्र्यौट गर्नुपर्दछ ।

क्र.स.	पेश्की लिने संस्था वा व्यक्ति	पेश्की लिएको आ. व./भौ.नं.–मिति	अफछ्र्यौट पेश्की रु.
१.	गरीवी निवारणको लागि सामाजिक परिचालन केन्द्र	८२–२०७०।३।२४	५०,०००/००
२.	तारा नेपाली, सामाजिक परिचालक	५७–२०७३/३/३०	२५,०००/००
	जम्मा		७५,०००।००

दफा नं.	भौ.नं., मिति र व्यहोरा
१७.	**सम्परीक्षण तर्फ :** गाविसको वेरुजू लगत स्थानीय निकाय अर्थिक प्रशासन नियमावली, २०६४ को अनुसूची ७५ को ढाँचामा राखेको नपाइएकोले निरीक्षण गरी आवश्यक सुझाव दिन सकिएन । गाविसको कार्यालयलाई बेरुजूको लगत उक्त अनुसूचीको ढाँचामा यथाशिघ्र अभिलेखीकरण गर्न सुझाव दिइएको छ।
१८.	**जिन्सी सामान विवरण :** स्थानीय अर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१४(१) अनुसार स्थानीय निकायले यस नियमावली बमोजिम लगत खडा गरी राखेको जिन्सी माल सामान के कस्तो अवस्थामा छ, त्यसको अधिकार प्राप्त अधिकारीले एक वर्षमा कम्तिमा एक पटक स्वयम वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य छुट्टै कर्मचारी वा प्राविधिकद्धारा निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा सामनको अवस्थाको जानकारी लिई सोको काम कारवाहीको टुंगो लगाउनु पर्नेमा सो गरेको छैन । गा.बि.स.ले जिन्सकिो अभिलेखसम्म राखेको छ ।

क्षेत्रपा गाउं विकास समिति :

कार्यालय र स्थान:		नाम	कार्यरत अवधि		बेरुजू रकम
			देखि	सम्म	
साविक क्षेत्रपा गा.वि.स	कार्यालय प्रमुख	श्री नारायण प्रसाद दहाल	२०७३।४।०१	२०७३।११।२७	४,१३,६७०।

क्षेत्रपा गाउं विकास समिति :
आर्थिक विवरण
(२०७३ श्रावण १ गते देखी फागुन २७ सम्म)

आय			व्यय		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
१. गत वर्षको मौज्दात		८२९,६५७।१७	१. यो वर्षको खर्च		४,७३४,४४९।००
२.आन्तरिक श्रोत आम्दानी		४६,८४७।००			
३. यो वर्षको आम्दानी		५,९४४,०७०।००	• चालु	३१०,०४०।००	
• चालु	३६६,०००।००		• पूजिगत	१,२२३,२०९।००	
• पूजिगत	२,३६४,८७०।००		• सामाजिक सुरक्षा	३,१७५,२००।००	
• सामाजिक सुरक्षा	३,१७५,२००।००		• अन्य	२६,०००।००	
• अन्य	३८,०००।००				
४.भुक्तानी दिनुपर्ने कर		२,५१२।००	२.मौज्दात वा जि.वि.स.फिर्ता		२,०९८,२३७।१७
५.भुक्तानी दिनुपर्ने सामाजिक सुरक्षा		९,६००।००			
जम्मा		६,८३२,६८६।१७	जम्मा		६,८३२,६८६।१७

दफा नं.	भौ.नं., मिति र व्यहोरा
१९.	**बेरुजु विवरण चालु तर्फ :** **भौ.नं.२,६,१३** आयकर ऐन, २०५८ को दफा ८७ र ८८ बमोजिम साविक आलम्पु गा.वि.स.ले विभिन्न मितिमा गरेको भुक्तानीमा सामाजिक सुरक्षा कर रु.२,१९६। र अन्य आयकर रु.३१६। गरी जम्मा रु.२,५१२। कट्टा गरेतापनि उक्त रकम सम्वन्धीत राजश्व खातामा दाखिला नगरेकोले उक्त अनियमित रकम रु.२,५१२। राजश्व खातामा दाखिला गनुपर्दछ । साथै गा.वि.स.मा प्राप्त सामाजिक सुरक्षा मध्ये रु.९,६००। वितरण पनि नभएको र जि.वि.स.मा फिर्ता पनि नभएको देखिएकोले उक्त रकम अशुल गर्नुपर्ने देखिन्छ ।
२०.	**पेश्कीको विवरण :** स्थानीय निकाय -आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी, कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फछ्यौट गर्नु पर्ने व्यवस्था छ । समयमा पेश्की फछ्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई असूलउपर गर्ने व्यवस्था छ । गा.बि.स.को अभिलेख अनुसार बिगत वर्षदेखि १२ जना संग रु.४,०१,५५८। पेश्की फछ्र्यौट हुन बाँकी देखिएको छ । उक्त पेश्की हालसम्म फछ्र्यौट भएको नदेखिएकोले नियमानुसार कारवाही गरी फछ्र्यौट गर्नुपर्दछ ।

क्र. स.	पेश्की लिने संस्था वा व्यक्ति	पेश्की लिएको आ. व./भौ.नं.–मिति	अफछ्र्यौट पेश्की रु.
१.	चन्द्र बहादुर अधिकारी	नखुलेको	१,४७,०००।००
२..	चन्द्र बहादुर अधिकारी	नखुलेको	२५,०००।००
३.	रत्न बहादुर कार्की	नखुलेको	१२,९५८।००
४.	मान बहादुर जिरेल	नखुलेको	५,५००।००
५.	चन्द्र बहादुर खड्का	नखुलेको	१,०००।००
६.	प्रेम बहादुर जिरेल	नखुलेको	३०,१००।००
७.	धर्मशाला प्रा. वि.	नखुलेको	२०,०००।००
८.	लक्ष्मी श्रेष्ठ	नखुलेको	१५,०००।००
९.	तुल बहादुर श्रेष्ठ	नखुलेको	२०,०००।००
१०.	ढाल बहादुर सापकोटा	नखुलेको	५०,०००।००
११.	नाम्दु–मार्वु–क्षेत्रपा सडक	नखुलेको	३५,०००।००
१२.	टिका बहादुर खत्री(जनप्रेमीकृषि सहकारी संस्था लिमिटेड, क्षेत्रपा)	३४–२०७०।१।२२	४०,०००।००
	जम्मा		४,०१,५५८।००

दफा नं.	भौ.नं., मिति र व्यहोरा
२१.	**सम्परीक्षण तर्फ :** गाविसको वेरुजू लगत स्थानीय निकाय अर्थिक प्रशासन नियमावली, २०६४ को अनुसूची ७५ को ढाँचामा राखेको नपाइएकोले निरीक्षण गरी आवश्यक सुझाब दिन सकिएन । गाविसको कार्यालयलाई बेरुजूको लगत उक्त अनुसूचीको ढाँचामा यथाशिघ्र अभिलेखीकरण गर्न सुझाव दिइएको छ ।
२२.	**जिन्सी सामान विवरण :** स्थानीय अर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१४(१) अनुसार स्थानीय निकायले यस नियमावली बमोजिम लगत खडा गरी राखेको जिन्सी माल सामान के कस्तो अवस्थामा छ, त्यसको अधिकार प्राप्त अधिकारीले एक वर्षमा कम्तिमा एक पटक स्वयम वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य छुट्टै कर्मचारी वा प्राविधिकद्धारा निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा सामनको अवस्थाको जानकारी लिई सोको काम कारवाहीको टुंगो लगाउनु पर्नेमा सो गरेको छैन । गा.बि.स.ले जिन्सको अभिलेखसम्म राखेको छ ।

काव्रे गाउं विकास समिति

कार्यालय र स्थान:		नाम	कार्यरत अवधि		बेरुजू रकम
			देखि	सम्म	
साविक काव्रे गा.वि.स	कार्यालय प्रमुख	श्री नारायण प्रसाद दहाल	२०७३।४।०१	२०७३।११।२७	८,०००।००

काव्रे गाउं विकास समिति :
आर्थिक विवरण
(२०७३ श्रावण १ गते देखी फागुन २७ सम्म)

आय			व्यय		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
१. गत वर्षको मौज्दात		३१५,७९०।००	१. यो वर्षको खर्च		८,५२२,५४५।५२
२.आन्तरिक श्रोत आम्दानी		४०२,४९६।५२			
		९,८००,१८४।००	• चालु	७७३,३९३।५२	
• चालु	३६६,०००।००		• पूजिगत	१,१४१,९५२।००	
• पूजिगत	२,८१४,९८४।००		• सामाजिक सुरक्षा	६,५८७,२००।००	
• सामाजिक सुरक्षा	६,५८७,२००।००		• अन्य	२०,०००।००	
• अन्य	३२,०००।००				
भुक्तानी दिनुपर्ने		२०,०४७।००	२.मौज्दात वा जि.वि.स.फिर्ता		२,०१५,९७२।००
४.भुक्तानी दिनुपर्ने सामाजिक सुरक्षा	८,०००।००				
५.भुक्तानी दिनुपर्ने फि.वाइ.फाइ	१२,०४७।००				
जम्मा		१०,५३८,५१७।५२	जम्मा		१०,५३८,५१७।५२

दफा नं.	भौ.नं., मिति र व्यहोरा
२३.	**बेरुजु विवरण :** **चालु तर्फ :** समग्रमा काव्रे गा.वि.स.को लेखा अध्ययन गर्ने क्रममा बांकी सबै खर्चहरु नगद आधारमा गरिएता पनि फ्री वाईफाई जडान कार्य प्रोदभावी आधारमा गरेको पाइयो । जसले गर्दा आजको दिनमा पनि १२,०४७। रुपैंया पार्टीलाई दिने दायित्व देखियो । साथै सामाजिक सुरक्षा तर्फको रु.८,०००। जि.वि.स.मा फिर्ता गर्नु पर्ने रकम अझै नगरेको हुनाले उक्त रकम राजश्व दाखिला गनुपर्दछ ।
२४.	**सम्परीक्षण तर्फ :** गाविसको वेरुजू लगत स्थानीय निकाय अर्थिक प्रशासन नियमावली, २०६४ को अनुसूची ७५ को ढाँचामा राखेको नपाइएकोले निरीक्षण गरी आवश्यक सुझाव दिन सकिएन । गाविसको कार्यालयलाई बेरुजूको लगत उक्त अनुसूचीको ढाँचामा यथाशिघ्र अभिलेखीकरण गर्न सुझाव दिइएको छ ।
२५.	**जिन्सी सामान विवरण :** स्थानीय अर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१४(१) अनुसार स्थानीय निकायले यस नियमावली बमोजिम लगत खडा गरी राखेको जिन्सी माल सामान के कस्तो अवस्थामा छ, त्यसको अधिकार प्राप्त अधिकारीले

	एक वर्षमा कम्तिमा एक पटक स्वयम वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य छुट्टै कर्मचारी वा प्राविधिकद्धारा निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा सामनको अवस्थाको जानकारी लिई सोको काम कारवाहीको टुंगो लगाउनु पर्नेमा सो गरेको छैन । गा.बि.स.ले जिन्सकिो अभिलेखसम्म राखेको छ ।

गैरीमुदी गाउं विकास समिति

कार्यालय र स्थान:		नाम	कार्यरत अवधि		बेरुजू रकम
			देखि	सम्म	
गैरीमुदी गा.वि.स	कार्यालय प्रमुख	श्री जयराम घिमिरे	२०७३।४।०१	२०७३।८।२४	६,५४,८३८।००
		श्री भुम वहादुर वुढाथोकी	२०७३।८।२५	२०७३।१०।३०	
		श्री अर्जुन पन्थी	२०७३।११।१	२०७३।११।११।७	

गैरीमुदी गाउं विकास समिति :
आर्थिक विवरण
(२०७३ श्रावण १ गते देखी फागुन २७ सम्म)

आय			व्यय		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
१. गत वर्षको मौज्दात		२९,८७१।००	१. यो वर्षको खर्च		१०,९१०,३०८।००
२.आन्तरिक श्रोत आम्दानी		६८८,८३१।००			
३. यो वर्षको आम्दानी		११,१३२,२०२।००	• चालु	६२०,९६२।००	
• चालु	३६६,०००।००		• पूजिगत	२,२०३,३४६।००	
• पूजिगत	२,६७४,२०२।००		• सामाजिक सुरक्षा	८,०४२,०००।००	
• सामाजिक सुरक्षा	८,०४२,०००।००		• अन्य	४४,०००।००	
• अन्य	५०,०००।००				
४.भुक्तानी दिनुपर्ने कर		२१,३९६।००	२.मौज्दात वा जि.वि.स.फिर्ता		९६१,९९२।००
जम्मा		११,८७२,३००।००	जम्मा		११,८७२,३००।००

दफा नं.	भौ.नं., मिति र व्यहोरा
२६.	**बेरुजु विवरण :** **चालु तर्फ** **भौ.नं.३,१२,१४,१५,२०,२५,२८** विभिन्न भुक्तानीमा कट्टी गरेको सामाजिक सुरक्षा कर रु. १,७५८/००, वहाल कर रु. ९००/००, पारिश्रमिक कर रु. १४,४४०/०० र आयकर रु. ४,२९८/०० गरी जम्मा कर कट्टी गरेको रु. २१,३९६/०० दाखिला गरेको नदेखिएकोले उक्त रकम सम्वन्धित राजश्व खातामा दाखिला गर्नुपर्दछ ।
२७.	**पूंजीगत तर्फ :** **भौ.नं.५,मिति २०७३।१०।१९** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा नं १३(१)(ग) मा पूँजीगत रकमबाट चालू शिर्षकमा वा चालू प्रकृतिको कुनै पनि कार्यमा भुक्तानी गर्न नपाइने व्यवस्था गरेको भएता पनि भीम बहादुर स्मृति प्रतिष्ठानलाई खेलकूद कार्यक्रम गर्न होटल नमस्ते, चरिकोटको खाना, खाजा लगायतका चालू प्रकृतिको रु. ६१,०००/०० को विल सम्लग्न गरी रु. ५१,६००/०० भुक्तानी गरेको पाइयो । उपरोक्त बोजिमको चलु प्रकृतिको खर्च चालु रकम (चालु अनुदान वा आन्तरिक आम्दानी तर्फको चालु रकम) बाट खर्च गर्नु पर्ने हुन्थ्यो । त्यसैले माथिको खर्च रु. ५१,६००/०० लाई नियमिति खर्च मान्न सकिएन । उल्लेखित खर्चलाई चालु अनुदान वा आन्तरिक आम्दानीको चालु रकम तर्फ समायोजन र सो अनुसारको लेखा अभिलेख मिलान गरी नियमित गर्न सुझाब दिइएको छ ।
२८.	**आन्तरीक तर्फ :** स्थानीय स्वायत शासन ऐन, २०५५ को दफा ५५ (ख) बमोजिम गाउँ विकास समितिले असुल गरेको मालपोत वा भूमिकरको २५ प्रतिशत रकम जिल्ला विकास समितिको कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यस आर्थिक वर्ष २०७३/७४ मा यस गाविसले असुल गरेको मालपोत वा भूमिकर रु. ३,७२,८४२/०० को २५ प्रतिशतले हुने रकम रु. ९३,२१०/५० जिल्ला विकास समितिको कार्यालय, दोलखामा दाखिला गरेको नदेखिएकोले यस आर्थिक वर्ष २०७३/७४ मा यस गाविसले असुल गरेको मालपोत वा भूमिकर रु. ३,७२,८४२/०० को २५ प्रतिशतले हुने रकम रु. ९३,२१०/५० जिल्ला विकास समितिको कार्यालय, दोलखामा दाखिला गरी नियमित गर्नुपर्ने देखिन्छ ।
२९.	**पेश्कीको विवरण :** स्थानीय निकाय -आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी, कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट गर्नु पर्ने व्यवस्था छ । समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई असूलउपर गर्ने व्यवस्था छ । गा.बि.स.को अभिलेख अनुसार बिगत बर्षदेखि ३ जना संग रु.२,०९,०००। पेश्की फछ्र्यौट हुन बाँकी देखिएको छ । उक्त पेश्की हालसम्म फछ्र्यौट भएको नदेखिएकोले नियमानुसार कारवाही गरी फछ्र्यौट गर्नुपर्दछ ।

क. स.	पेश्की लिने संस्था वा व्यक्ति	पेश्की लिएको आ. व./ भौ.नं.–मिति	अफछ्र्यौट पेश्की रु.
१.	बज्र वहादुर तामाङ्ग	नखुलेको	१५,०००।
२..	प्रवीण कुमार खतीवडा	०७-२०७२।१२।२१	१,१०,०००।
३.	प्रवीण कुमार खतीवडा	६१-२०७३।३।२७	८४,०००।
	जम्मा		२,०९,०००।

दफा नं.	भौ.नं., मिति र व्यहोरा
३०.	**सम्परीक्षण तर्फ :** गाविसको वेरुजू लगत स्थानीय निकाय अर्थिक प्रशासन नियमावली, २०६४ को अनुसूची ७५ को ढाँचामा राखेको नपाइएकोले निरीक्षण गरी आवश्यक सुझाब दिन सकिएन । गाविसको कार्यालयलाई बेरुजूको लगत उक्त अनुसूचीको ढाँचामा यथाशिघ्र अभिलेखीकरण गर्न सुझाव दिइएको छ ।
३१.	**जिन्सी सामान विवरण :** स्थानीय अर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१४(१) अनुसार स्थानीय निकायले यस नियमावली बमोजिम लगत खडा गरी राखेको जिन्सी माल सामान के कस्तो अवस्थामा छ, त्यसको अधिकार प्राप्त अधिकारीले एक वर्षमा कम्तिमा एक पटक स्वयम वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य छुट्टै कर्मचारी वा प्राविधिकद्धारा निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा सामनको अवस्थाको जानकारी लिई सोको काम कारवाहीको टुंगो लगाउनु पर्नेमा सो गरेको छैन । गा.बि.स.ले जिन्सकिो अभिलेखसम्म राखेको छ ।